नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

हुलाक सेवा विभाग

गोश्वारा हुलाक कार्यालय

# जिल्ला हुलाक कार्यालय

## चितवन, भरतपुर

## वार्षिक प्रगति विवरण

आ.व. २०८१/०८२

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# हुलाक सेवा विभाग
# जिल्ला हुलाक कार्यालय
# चितवन

## १.परिचय

चिठीपत्र मार्फत सूचना आदान प्रदान गर्ने प्रयोजनलाई व्यवस्थित तथा विश्वव्यापी नेतृत्व प्रदान गर्न सन् १८७४ मा विश्वको दोस्रो पुरानो संगठनको रुपमा विश्व हुलाक संघको स्थापना भएको पाइन्छ ।हाल यस अन्तर्गत जम्मा १९२ सदस्य देश रहेकोमा ती मध्ये नेपालले विश्व हुलाक संघबाट सन् १९५६ मा सदस्यता प्राप्तगरी विश्वव्यापी रुपमा चिठीपत्र मार्फत सूचना आदान प्रदान गर्ने मञ्चमा प्रवेश गरेको देखिन्छ ।यद्यपि नेपालमा चिठीपत्र मार्फत खबर, सूचना र समाचार आदान-प्रदान गर्ने उद्देश्यले तत्कालीन राणा प्रधानमन्त्री रणोदिप सिंहको पालामा विक्रम सम्बत् १९३५ मा नेपाल हुलाक घरको स्थापना भई हुलाक सेवाको प्रारम्भ भएको पाइन्छ। नेपालमा हुलाक सेवालाई थप व्यवस्थित, प्रभावकारी र जनमूखी बनाउन हुलाक ऐन, २०१९, हुलाक नियमावली, २०२० तथा हुलाक सेवा कार्यविधि/निर्देशिका लगायत आवश्यक कानूनी व्यवस्था गरिएको छ ।हाल नेपालबाट अन्तर्राष्ट्रिय डाँक गन्तब्यको रुपमा विश्वका विभिन्न ३८ देशहरुमा सेवा विस्तार भएको अवस्था छ ।

संचार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत हुलाक सेवा विभाग एवं गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाडौंको मातहत रहेको यस कार्यालयले २०३२ साल देखि हुलाक सेवा सम्बन्धी कार्य गर्दै आइरहेकोमा हुलाक सेवालाई नेपालको संघीय प्रणाली अनुसार संचालन तथा व्यवस्थापन गर्न नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०८१/०६/२१ को निर्णय अनुसार यस जिल्ला हुलाक कार्यालय, चितवन र अन्तर्गत साविक इलाका हुलाक कार्यालयहरुलाई एक स्थानीय तह एक हुलाक रहने गरी संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत भई हुलाकको पुनर्संरचना भए बमोजिम जिल्ला हुलाक कार्यालय, स्थानीय तह अनुसार पालिका हुलाक कार्यालय-६, हुलाक काउण्टर-३ र अतिरिक्त हुलाक कार्यालय-१२ गरी जम्मा २२ वटा ईकाइ कार्यालयहरुबाट हाल हुलाक सेवा सम्बन्धी कार्य हुँदै आइरहेको छ । हुलाक सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला हुलाक कार्यालयको अलवा ६ वटै पालिका हुलाक कार्यालय र हुलाक काउन्टर चनौलीबाट समेत Postal Internal Tracking System (PITS) माध्यमबाट हुलाक वस्तु दर्ता, बितरण र हुलाक टिकट बिक्री वितरणका कार्यसम्पादन हुँदै आइरहेको छ । यसको अलवा विज्ञापन बोर्डबाट प्रत्योजित प्रेस काउन्सिल नेपालको वर्गिकरणमा परेका र विज्ञापन बोर्डबाट सुचीकरणमा परेका चितवन जिल्लाबाट प्रकाशन हुने छापामाध्यमका पत्रपत्रिकाको लागि लोककल्याणकारी विज्ञापन र विज्ञापन बोर्डबाट सुचीकरणमा परेका चितवन जिल्लाबाट प्रसारण हुने रेडियो/एफ.एम. रेडियो/टेलिभिजनहरुको विद्युतीय संचार माध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रसारणको अनुगमन एवं रकम भुक्तानी सम्बन्धी कार्य गर्दै आइरहेको छ । सूचना तथा प्रसारण विभागबाट प्रत्योजित र स्वीकृत भइ आएका रेडियो/एफ.एम. रेडियोको लाइसेन्स र इजाजतपत्र, पत्रकार प्रेस प्रतिनिधी प्रमाण पत्र र अनलाइन संचारमाध्यमको प्रमाणपत्रमा नविकरण जनाउने र पत्रकार परिचयपत्र बितरण गर्ने कार्यका साथै राष्ट्रिय सूचना आयोगबाट प्राप्त अख्तियारी बमोजिम चितवन जिल्ला स्थित सरकारी एवं सार्वजनिक निकायहरुले सूचनाको हक सम्बन्धी ऐन/नियममा भएको कानुनी व्यवस्थाको कार्यान्वयनको स्थितिको सम्बन्धमा अनुगमन/प्रतिवेदन लगायतका कामहरु गर्दै आइरहेको छ ।

जिल्ला हुलाक कार्यालय, चितवन नेपाल भर रहेका जिल्ला हुलाक कार्यालयहरु मध्ये एउटा यस्तो कार्यालय हो जसले नेपालको महेन्द्र राजमार्ग र आसपाससँग जोडिएका डाँक रेखामा पर्ने जिल्ला/पालिका/अतिरिक्त हुलाक कार्यालयहरुमा डाँक ढुवानी/परिवहन सेवा संचालन गर्दै आइरहेको छ । डाँक ढुवानी/परिवहनको लागि



हुलाक अधिकृत

गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाडौंबाट हप्तामा तीन दिन मंगलबार, विहिवार र शनिवार चितवन जिल्ला र नेपालको पूर्व पश्चिम साथै हुलाक निर्देशनालय पोखरा र मातहतका जिल्लाहरुमा जाने तथा डाँक/हुलाक वस्तुहरु, पार्शल, ई.एम.एस. र पासपोर्ट लिई यस जिल्ला हुलाक कार्यालय, चितवनमा आउने र सो डाँक थैलाहरुलाई सर्टिङ्ग गरी पूर्वमा मोरङको विराटनगर र झापाको विर्तामोडसम्म र पश्चिममा कञ्चनपुरको महेन्द्रनगरसम्म हप्ताको आइतबार देखि मंगलबार, बुधवार देखि शुक्रबार र शुक्रबार देखि आइतबारको दिन डाँक ढुवानी/परिवहन सेवा संचालन गर्दै आइरहेको छ भने यस कार्यालय अन्तर्गत रहेको हुलाक कार्यालय, इच्छाकामना गाउँपालिका, मुग्लिङले हुलाक निर्देशनालय पोखरा र मातहतका जिल्लाहरुमा जाने डाँकको ट्रान्जीट बिन्दुको रुपमा सेवा संचालन गर्दै आईरहेको छ ।

२. सविक इलाका हुलाक कार्यालय पुनर्संरचना पश्चात नामाकरण भएका कार्यालयको विवरण :

| क्र.सं. | स्थानीय तह | साविकको इलाका हुलाक कार्यालय | जिल्ला/पालिका/काउन्टर हुलाक कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | भरतपुर महानगरपालिका | इलाका हुलाक कार्यालय, फूलवारी | जिल्ला हुलाक कार्यालय, चितवन | महानगरपालिकामा ३ वटा काउन्टर राख्ने व्यवस्था बमोजिम इलाका हुलाक खारेज भई आवश्यकता अनुसार पायक पर्ने स्थानमा हुलाक काउन्टर स्थापना गरिएको । |
| | | इलाका हुलाक कार्यालय, रामपुर | | |
| | | इलाका हुलाक कार्यालय, नारायणगढ | हुलाक काउन्टर नारायणगढ | |
| | | इलाका हुलाक कार्यालय, शोशी | हुलाक काउन्टर चनौली | |
| | | इलाका हुलाक कार्यालय, मेघौली | | |
| | | इलाका हुलाक कार्यालय, पटिहानी | हुलाक काउन्टर जगतपुर | |
| २ | राप्ती नगरपालिका | इलाका हुलाक कार्यालय, भण्डारा | हुलाक कार्यालय, राप्ती नगरपालिका, भण्डारा | |
| ३ | खैरहनी नगरपालिका | इलाका हुलाक कार्यालय, खैरहनी | हुलाक कार्यालय, खैरहनी नगरपालिका, पर्सा | |
| ४ | रत्ननगर नगरपालिका | इलाका हुलाक कार्यालय, रत्ननगर | हुलाक कार्यालय, रत्ननगर नगरपालिका, बकुलहर | |
| ५ | कालिका नगरपालिका | इलाका हुलाक कार्यालय, जुटपानी | हुलाक कार्यालय, कालिका नगरपालिका, जुटपानी | |
| ६ | माडी नगरपालिका | इलाका हुलाक कार्यालय, माडी | हुलाक कार्यालय, माडी नगरपालिका, बसन्तपुर | |
| | | इलाका हुलाक कार्यालय, हरिनगर | | |
| ७ | इच्छाकामना गाउँपालिका | इलाका हुलाक कार्यालय, मुग्लिङ | हुलाक कार्यालय, इच्छाकामना गाउँपालिका, मुग्लिङ | |

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय हुलाक सेवा विभाग जिल्ला हुलाक कार्यालय चितवन



हुलाक अधिकृत

३.जिल्ला हुलाक कार्यालय, चितवन र अन्तर्गत निकायको संगठन संरचना :

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८१।०६।२१ को निर्णयानुसार यस जिल्ला हुलाक कार्यालय, चितवन र अन्तर्गत पालिका र काउन्टर हुलाक कार्यालय समेत रहने गरी स्वीकृत संगठन संरचना देहाय अनुसार रहेको छ :

अनुसूची १.१३

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय, चितवनको संगठन संरचना




भरतमणि सुवेदी
सचिव

नोट: १. हेभी/ हलुका सवारी साधनको व्यवस्था भएमा सवारी चालक पद सेवा करारमा व्यवस्थापन गर्नुपर्नेछ। का.स.(चालक सहयोगी) पदमा सालबसाली बजेट व्यवस्थापन गरी सेवा करार मार्फत पदपूर्ति गरिनेछ।
२. जिल्लाभित्रका स्थानीय तहमा रहने हुलाक कार्यालय र हुलाक काउन्टरमा कार्यबोझका आधारमा जिल्ला हुलाक कार्यालयले हुलाकी/हल्कारा खटाउन सक्नेछ।

४.कर्मचारी सम्बन्धी विवरण:

क) जिल्ला हुलाक कार्यालय, चितवन र अन्तर्गत पालिका एवं काउन्टर हुलाक कार्यालयको दरवन्दी

| सि.नं. | सेवा/समूह/ श्रेणी | पद | स्वीकृत दरवन्दी | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | जम्मा | |
| १ | प्रशासन/सा.प्र./रा.प. तृतीय | शा.अ. | १ | १ | - | १ | |
| २ | प्रशासन/सा.प्र./रा.प.अनं. प्रथम | ना.सु. | २ | २ | - | २ | |
| ३ | प्रशासन/सा.प्र./रा.प.अनं. द्धितीय | खरिदार | १२ | १२ | - | १२ | |
| ४ | प्रशासन/लेखा/रा.प.अनं. द्धितीय | सह-लेखापाल | १ | १ | - | १ | |
| ५ | नेपाल इन्जि./मे.इन्जि./श्रेणी विहिन | हे.स.चा. | ४ | - | ४ | ४ | |
| ६ | नेपाल इन्जि./मे.इन्जि./श्रेणी विहिन | ह.स.चा. | १ | - | १ | १ | |
| ७ | प्रशासन/सा.प्र./श्रेणी विहिन | हुलाकी | ७ | ५ | २ | ७ | |
| ८ | प्रशासन/सा.प्र./श्रेणी विहिन | हल्कारा | १९ | ८ | ११ | १९ | |
| ९ | प्रशासन/सा.प्र./श्रेणी विहिन | का.स. | २ | - | १ | १ | १ |
| १० | प्रशासन/सा.प्र./श्रेणी विहिन | का.स. (चालक सहयोगी) | ४ | - | ४ | ४ | |
| जम्मा | | | ५३ | २९ | २३ | ५२ | १ |



हुलाक अधिकृत

ख) अतिरिक्त हुलाक कार्यालयमा कर्मचारीको विवरण :

| पद | कर्मचारीको दरबन्दी (साविक) | साविक पदपूर्ति | २०८१।०१।१० पछि हालसम्म अनिवार्य र स्वेच्छिक अवकाश हुनेको संख्या | बाँकी संख्या |
|---|---|---|---|---|
| हुलाक प्रतिनिधि | २५ | २२ | १३ | ९ |
| डाकँ बहाक | २९ | २६ | १८ | ८ |
| पत्र वितरक | २५ | २१ | १५ | ६ |
| जम्मा | ७९ | ६९ | ४६ | २३ |

५. पालिका, काउन्टर र अतिरिक्त हुलाक कार्यालय र जिम्मेवार कर्मचारीको सम्पर्क नम्बर:

क) पालिका हुलाक :

| सि.नं. | कार्यालयको नाम | ठेगाना | सम्पर्क व्यक्ति | फोन नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|
| १. | हुलाक कार्यालय, राप्ती नगरपालिका, भण्डारा | राप्ती न.पा.-५ भण्डारा | खरिदार सुभद्रा रिजाल | ०५६-५९०२६५ | ९८६७६४७२१० |
| २. | हुलाक कार्यालय, खैरहनी नगरपालिका, पर्सा | खैरहनी न.पा.-६ पर्सा | खरिदार निरञ्जन उप्रेती | ०५६-४९४२६३ | ९८६८०८१०४९ |
| ३. | हुलाक कार्यालय, रत्ननगर नगरपालिका, बकुलहर | रत्ननगर न.पा-१ बकुलहर | खरिदार विमल वास्तोला | ०५६-४९४२५९ | ९८४५७८३३१८ |
| ४. | हुलाक कार्यालय, कालिका नगरपालिका, जुटपानी | कालिका न.पा.- ६ जुटपानी | खरिदार प्रेमराज अधिकारी | ०५६-५९४३८९ | ९८४५५५०५६२ |
| ५. | हुलाक कार्यालय, माडी नगरपालिका, बसन्तपुर | माडी न.पा.-३ बसन्तपुर | खरिदार मिलन विश्वकर्मा | ०५६-५०१०९४ | ९८६४०७२९५५ |
| ६. | हुलाक कार्यालय, इच्छाकामना, गाउँपालिका, मुग्लिङ | इच्छाकामना गा.पा.-५ मुग्लिङ | खरिदार सरोज ढकाल | ०५६-५९०३७५ | ९७६५०८४३७० |

ख) हुलाक काउन्टर र जिम्मेवार कर्मचारीको सम्पर्क नम्बर :

| सि.नं. | कार्यालयको नाम | ठेगाना | सम्पर्क व्यक्ति | फोन नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|
| १. | हुलाक काउन्टर चनौली | भरतपुर महा न.पा.-२० चनौली | खरिदार बाल कुमारी गुरौ | ०५६-५९३६३९ | ९८६४४७७८४८ |
| २. | हुलाक काउन्टर जगतपुर | भरतपुर महा न.पा.-२३ जगतपुर | हल्कारा माधव प्रसाद भुषाल | - | ९८४५१५१७४३ |
| ३. | हुलाक काउन्टर नारायणगढ | भरतपुर महा न.पा.-२ नारायणगढ | हल्कारा सरस्वती घिमिरे | - | ९८४५१११३९७ |



हुलाक अधिकृत

ग) अतिरिक्ति हुलाक कार्यालय र जिम्मेवार कर्मचारीको सम्पर्क नम्बर :

| सि.नं. | कार्यालयको नाम | ठेगाना | सम्पर्क व्यक्ति | मोबाइल नं. |
|---|---|---|---|---|
| १. | शारदानगर अ.हु.का., | भरतपुर महा.न.पा.-१५, मुकाम रामपुर | हु.प्र. शमिता गौतम | ९८६६३६०३१४ |
| २. | जगतपुर अ.हु.का., | भरतपुर महा.न.पा.-२३, चितवन | डाँ.बा. पार्वतीकुमारी घिमिरे | ९७६१८९३२३६ |
| ३. | शिवनगर अ.हु.का., | भरतपुर महा.न.पा.-१४, चितवन | हु.प्र. शरला अधिकारी | ९८४५१४७८४३ |
| ४. | गीतानगर अ.हु.का., | भरतपुर महा.न.पा.-६, चितवन | हु.प्र. सुजाता अधिकारी | ९८४५४४५०१० |
| ५. | दाहाखानी अ.हु.का., | इच्छाकामना गा.पा.-७, चितवन | हु.प्र. ऐतमान गुरुङ | ९८६५३५३३१६ |
| ६. | सिद्दि अ.हु.का., | कालिका न.पा.-११, चितवन | हु.प्र. अष्ट लाल प्रजा | ९८६४०६२०३० |
| ७. | पिठुवा अ.हु.का., | रत्ननगर न.पा.-१६, चितवन | हु.प्र. शोभा खनाल घिमिरे | ९८४५०४३९१६ |
| ८. | कठार अ.हु.का., | खैरहनी न.पा.-१०, चितवन | प.वि. यशोदा आर्चाय पाण्डे | ९८४५९५८१२१ |
| ९. | लोथर अ.हु.का., | राप्ती न.पा.-१३, चितवन | डाँ.बा. चन्द्रविर प्रजा | ९८१५७५०१०८ |
| १०. | कोराक अ.हु.का., | राप्ती न.पा.-१२, चितवन | हु.प्र. सुवास कुमार प्रजा | ९८४०१९००८५ |
| ११. | विरेन्द्रनगर अ.हु.का., | राप्ती न.पा.-७, चितवन | हु.प्र. सितादेवी भुसाल | ९८१२२०५६५६ |
| १२. | पिप्ले अ.हु.का., | राप्ती न.पा.-२, चितवन | हु.प्र. बिन्दा थापा | ९७६८७९७०१८ |

## ६. कार्यालयको काम, कर्तव्य र अधिकार :

जिल्ला हुलाक कार्यालय, चितवनको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छः

- हुलाक वस्तु दर्ता गर्ने,
- हुलाक वस्तु वितरण गर्ने,
- टिकट प्राप्ती, भण्डारण र बिक्री गर्ने,
- डाँक सञ्चालन गर्ने तथा कर्मचारीहरुलानई आलोपालोको व्यवस्था मिलाई जुनसुकै समयमा समेत डाँक बुझ्ने/बुझाउने व्यवस्था गर्ने,
- पालिका हुलाक कार्यालयहरुसँग समन्वय र अनुगमन गर्ने,
- जिल्ला तथा मातहतका कार्यालयहरुको आर्थिक तथा प्रशासनिक काम गर्ने,
- समयानुकुल डाँक रेखा निर्माण तथा अद्यावधिक गर्ने,
- अन्तर जिल्ला डाँक सञ्चालन सम्बन्धी समन्वय र प्रवर्द्धन गर्ने,
- हुलाक सेवा विभागमा नियमित प्रतिवेदन गर्ने,
- विभागबाट सहमती लिई कर्मचारी व्यवस्थापन गर्ने,
- पालिका हुलाक कार्यालयहरु व्यवस्थापन गर्ने,

हुलाक अधिकृत

- समय समयमा हुलाक सेवा विभागले लगाएको विभिन्न कार्य गर्ने,
- हुलाक सेवा सञ्चालन सम्बन्धमा विभागमा सुझाव पेश गर्ने,
- विभागको स्वीकृती लिई महानगर र उपमहानगर पालिका क्षेत्रमा कामको आवश्यकता अनुसार हुलाक वस्तु दर्ता काउन्टर सञ्चालन गर्ने,
- हुलाकबाट प्रदान गरिएका सेवाहरुको प्रचार प्रसार तथा प्रवर्धन गर्ने,
- विनियोजित बजेट र प्राप्त अख्तियारी बमोजिम ऐन, नियमको दायरा भित्र रही खर्च लेख्ने,
- प्रशासन शाखा, डाँक अनुगमन तथा व्यवस्थापन शाखामा तोकिएको शाखा प्रमुखहरुलाई कार्य विवरण दिने,
- पालिका हुलाक कार्यालयहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन गर्ने,
- अनुगमनका क्रममा ज़िल्ला हुलाक कार्यालय र पालिका हुलाक कार्यालयमा देखिएका कमि कमजोरीलाई सुधार गर्न लगाउने तथा सुधारको लागि विभागमा लेखि पठाउने,
- पालिका हुलाकको कार्यालय प्रमुखहरुको हाजिरी, बिदा, दण्ड, पुरस्कारको विवरण माग गरी गर्न लगाइ अभिलेख राख्न लगाउने,
- हुलाक वस्तु ढुवानीको लागि जिल्ला मातहत रहेका हुलाक कार्यालयसम्म डाँक परिवहन व्यवस्था मिलाउने,
- सर्टिङ्ग सूची राम्रोसँग कार्यान्वयन गर्ने, डाँक परिवहन ठिक समयमा भएको छ छैन, हुलाक वस्तुको ठिक समयमा संकलन भएको छ छैन आदी कुराहरुको सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउने,
- हुलाक वस्तुको संकलन, ढुवानी, दर्ता, वितरण, आयात र निर्यात गर्ने कार्यलाई छिटो छरितो र प्रभावकारी रुपमा गर्न लगाई नियमानुसार तोकिएको समय भित्र कार्य सम्पन्न गर्न लगाउने,
- आन्तरिक इ.एम.एस. सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने,
- PITS को नियमित अनुगमन/सुपरिवेक्षण गरी प्रभावकारी रुपमा सञ्चालनमा ल्याउने,
- हुलाक टिकट बिक्री व्यवस्था मिलाउने र बिक्री पश्चातको राजश्व दाखिला गर्न लगाउने,
- वैदेशिक हुलाक वस्तु (ई.एम.एस./पार्सल) मा लागेको भन्सार महशुल, मुल्य अभिवृद्धि कर, अन्तशुल्क लगायतका करहरु संकलन गरी राजश्व खातामा दाखिला गर्ने,
- कर्मचारीको हाजिरी, बिदा, पदपूर्ति तथा रिक्त पदहरुको विवरण अद्यावधिक गर्ने, रा.प.अनं. पदहरुको पदपूर्तिको लागि लोकसेवा आयोगमा लेखि पठाउने,
- नीतिगत, सैद्धान्तिक एवं असुलउपर गर्ने बेरुजुहरु छलफल गरी फरफारक गर्ने गराउने,
- लेखाको तोकिएको ढाँचामा समयसीमा भित्र वित्तिय विवरणहरु तयार गर्ने गराउने,
- पत्रपत्रिका हुलाक दर्ताका लागि आए दर्ता एवं नविकरण गर्ने,
- लोककल्याणकारी विज्ञापन प्राप्त गर्ने एफ.एम. रेडियो, टेलिभिजन र वर्गीकरणमा परेका पत्रिकाको विवरण संकलन अनुगमन र नियमानुसार भुक्तानीको लागि प्राप्त रकम वितरण गर्ने,
- पोष्टवक्स वितरण, नविकरण एवं सञ्चालन गर्ने,
- पूर्व-पश्चिम डाँक व्यवस्थापन र संचालन गर्ने,
- पत्रकार परिचयपत्र वितरण तथा प्रेस प्रतिनिधी प्रमाणपत्र र अनलाइन प्रमाणपत्रको नविकरण जनाउने,
- राष्ट्रिय सूचना आयोगले तोके बमोजिम सूचनाको हकको कार्यान्वयनको अनुगमन एवं प्रतिवेदन गर्ने,
- हुलाक ऐन, २०१९, हुलाक नियमावली, २०२० मा भएको दण्ड सजायँ सम्बन्धी व्यवस्था अनुसार जरिवाना गर्ने, सचेत गराउनेसम्मका सजायँ गर्ने आदि ।

हुलाक अधिकृत

७. डाँक रेखाको अवस्थाः

(क) आन्तरिक डाँक रेखा :




१. जि.हु.का. चितवन — जिल्ला हुलाक कार्यालय, चितवन
२. रत्ननगर — हुलाक कार्यालय, रत्ननगर नगरपालिका, बकुलहर
३. खैरहनी -—हुलाक कार्यालय, खैरहनी नगरपालिका, पर्सा
४. भण्डारा — हुलाक कार्यालय, राप्ती नगरपालिका, भण्डारा
५. जुटपानी — हुलाक कार्यालय, कालिका नगरपालिका, जुटपानी
६. माडी — हुलाक कार्यालय, माडी नगरपालिका, वसन्तपुर
७. मुग्लिङ — हुलाक कार्यालय, इच्छाकामना गाउँपालिका, मुग्लिङ
८. नारायणगढ- हुलाक काउन्टर नारायणगढ
९. चनौली — हुलाक काउन्टर चनौली
१०. जगतपुर — हुलाक काउन्टर जगतपुर
११. गीतानगर — अतिरिक्त हुलाक कार्यालय, गीतानगर

(क) आन्तरिक तथा अन्तर जिल्ला डाँक रेखा र कार्यालय देखिको अनुमानित दुरी :

| क्र.सं. | डाँक रेखाको | डाँक रेखामा पर्ने हुलाक कार्यालय | माध्यम/साधन | दुरी अ. कि.मि. एकतर्फि | कै. |
|---|---|---|---|---|---|
| १ | भरतपुर - मुग्लिङ | मुग्लिङ | गोश्वाराको डाँक गाडी | ३६ | |
| २ | भरतपुर - भण्डारा | रत्ननगर, खैरहनी, भण्डारा | कार्यालयको डाँक गाडी | २५ | |
| ३ | रत्ननगर - जुटपानी | रत्ननगर र जुटपानी | स्कुटर | ७ | |



हुलाक अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भरतपुर - चनौली — जगतपुर — माडी - गीतानगर - भरतपुर | चनौली, जगतपुर, माडी र गीतानगर | कार्यालयको सानो गाडी वा स्कुटर | ८० | शिवनगरको डाँक गितानगरमा बुझ्ने बुझाउने |
| ५ | चितवन — इटहरी — विराटनगर — इटहरी — बिर्तामोड - चितवन | चितवन देखि पूर्व तर्फ महेन्द्रराजमार्गमा पर्ने हुलाक/पालिका/काउन्टर/ अतिरिक्त कार्यालयहरु | कार्यालयको डाँक गाडी | ४९० | |
| ६ | चितवन — अत्तरिया — धनगढी — अत्तरिया — महेन्द्रनगर - चितवन | चितवन देखि पश्चिम तर्फ महेन्द्रराजमार्गमा पर्ने हुलाक/पालिका/काउन्टर/ अतिरिक्त कार्यालयहरु | कार्यालयको डाँक गाडी | ५८० | |

८. कार्यालयको नाममा रहेको भवन/जग्गाको विवरण:

| क्र.सं. | जग्गाधनीको नाम | पालिका | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.) | जग्गाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जि.हु.का. चितवन | भरतपुर | १० | ४२९४ | ३३८६.३ | आवासीय | कार्यालय भवन |
| २ | इ.हु. का. नारायणगढ | भरतपुर | २ | २९६ | ५९.२६ | आवासीय | हुलाक काउन्टर नारायणगढको कार्यालय भवन |
| ३ | इ.हु.का. शोशी | भरतपुर | २५ | ३५ | ६४३.३९ | आवासीय | |
| ४ | हु.का. रत्ननगर | रत्ननगर | १ | ३३३६ | ३८६.६३ | आवासीय | कार्यालय भवन |
| ५ | इ.हु.का. माडी | माडी | ७ | ४३१ | ३३८.६३ | आवासीय | |
| ६ | अ.हु.का. पदमपुर | कालिका | ४ | ६ | १६९३.१५ | आवासीय | |
| ७ | इ.हु.का. भण्डारा | राप्ती | ५ | ७००६ र ००७ | १६९३.१५ | आवासीय | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार हुलाक कार्यालयको नाममा रहेतापनि वि.स. २०५० सालको राप्ती बाढी पिडितको वसोवास रहेको, अथक प्रयास गर्दा पनि फिर्ता गर्न नसकिएको |
| ८ | इ.हु.का. हरिनगर | माडी | १ | | ३८६.६३ | आवासीय | ऐलानी जग्गा |
| ९ | इ.हु.का. मेघौली | भरतपुर | २७ | | ३८६.६३ | आवासीय | ऐलानी जग्गा |

हुलाक अधिकृत

९. आफ्नै/भाडाको भवनबाट कार्यालय संचालनको अवस्था :

क) जिल्ला र पालिका हुलाक कार्यालय

| क्र.सं. | कार्यालयको नाम | कार्यालय भवन आफ्नै वा भाडा | कै. |
|---|---|---|---|
| १. | जि.हु.का. चितवन | आफ्नै | |
| २ | हु.का. राप्ती न.पा. भण्डारा | ६ नं. वडा कार्यालय भवनको एक कोठा | |
| ३ | हु.का. खैरहनी न.पा. पर्सा | भाडामा | |
| ४ | हु.का. रत्ननगर न.पा. बकुलहर | आफ्नै | |
| ५ | हु.का. कालिका न.पा. जुटपानी | ६ नं. वडा कार्यालय भवनको कोठा | |
| ६ | हु.का. माडी न.पा. बसन्तपुर | नगरपालिकाले उपलब्ध गराएको भवनमा एक कोठा | |
| ७ | हु.का. इच्छाकामना गा.पा. मुग्लिङ | ५ नं. वडा कार्यालय भवनको एक कोठा | |

ख) हुलाक काउन्टर

| क्र.सं. | कार्यालयको नाम | कार्यालय भवन आफ्नै वा भाडा | कैफियत |
|---|---|---|---|
| १. | हुलाक काउन्टर नारायणगढ | आफ्नै | |
| २ | हुलाक काउन्टर चनौली | रेडक्रसले उपलब्ध गराएको २ वटा कोठा | सम्झौता र रकमको लागि पत्राचार भएको |
| ३ | हुलाक काउन्टर जगतपुर | भाडामा | |

१०. सवारी साधनको विवरण:

| क्र.सं. | सवारी साधनको किसिम | कुल संख्या | चालु | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मिनी ट्रक | ४ | ४ | | | समय समयमा मर्मत गर्नुपर्ने |
| २. | पिकअप भ्यान | २ | १ | | १ | |
| ३. | मोटरसाईकल | २ | १ | | १ | |
| ४. | स्कुटर | ३ | ३ | | | |
| ५. | साईकल | ११ | | | | |

११. मेशीनरी औजारको विवरण :

| क्र.सं. | औजारको किसिम | कुल संख्या | चालु | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Desktop Computer | १७ | | | | |
| २. | Laptop | ४ | ३ | | १ | |
| ३. | Printer | १७ | | | | |
| ४. | Barcode Printer | १० | | | | |
| ५. | Barcode Scanner | ९ | | | | |
| ६. | Scanner | १ | | | | |
| ७. | Photocopy Machine | २ | | | | |
| ८. | CC Camera | ८ क्यामेरा | | | | |
| ९. | Inverter | ३ | | | | |
| १० | e-attendance Machine | १ | | | | |
| ११ | अन्य | | | | | |



हुलाक अधिकृत

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
चितवन

## १२. टिकट कारोवार सम्बन्धी विवरण :

(आ.व. २०८१/०८२ को २०८१ साउन देखि २०८२ असार मसान्तसम्म)

| टिकट दर | आम्दानी | | बिक्री | | बाँकी मौज्दात | | कै. |
|---|---|---|---|---|---|---|---|
| | टिकट संख्या (गत आ.व. को अल्या समेत) | रकम रु. | टिकट संख्या | रकम रु. | टिकट संख्या | रकम रु. | |
| रु.१ | ३६२०१ | ३६,२०१।- | ३१२०६ | ३१,२०६।- | ४९९५ | ४,९९५।- | |
| रु.२ | २६६२२ | ५३,२४४।- | १६६२२ | ३३,२४४।- | १०००० | २०,०००।- | |
| रु.४ | १०००० | ४०,०००।- | ५५२० | २२,०८०।- | ४४८० | १७,९२०।- | |
| रु.५ | २१९६० | १,०९,८००।- | २१९६० | १,०९,८००।- | ० | ० | |
| रु.९ | १०००० | ९०,०००।- | ४११५ | ३७,०३५।- | ५८८५ | ५२,९६५।- | |
| रु.१० | ६२९३३९ | ६२,९३,३९०।- | ५८०४८५ | ५८,०४,८५०।- | ४८८५४ | ४,८८,५४०।- | |
| रु.११ | ४२५० | ४६,७५०।- | ४२५० | ४६,७५०।- | ० | ० | |
| रु.२० | ६४७२० | १२,९४,४००।- | ३५४९२ | ७,०९,८४०।- | २९२२८ | ५,८४,५६०।- | |
| रु.२५ | ३१९१ | ७९,७७५।- | ३१९१ | ७९,७७५।- | ० | ० | |
| रु.४० | ६५४० | २,६१,६००।- | ४२३० | १,६९,२००।- | २३१० | ९२,४००।- | |
| रु.५० | १६३७ | ८१,८५०।- | ५४१ | २७,०५०।- | १०९६ | ५४,८००।- | |
| रु.१०० | २३४ | २३,४००।- | ४० | ४,०००।- | १९४ | १९,४००।- | |
| जम्मा | ८१४६९४ | ८४,१०,४१०।- | ७०७६५२ | ७०,७४,८३०।- | १०७०४२ | १३,३५,५८०।- | |
| आ.व. २०८१।०८२ को अवधिमा उज्रातीमा गएको टिकट विवरण | | | | | ३८४०० | ४,२४,०००।- | |
| आ.व. २०८२।०८३ को लागि जिम्मेवारीमा सर्न जाने टिकट विवरण | | | | | १४५४४२ | १७,५९,५८०।- | |

## १३. आ.व. २०८१/०८२ मा संकलित राजश्वको विवरण:

| क्र.सं. | राजश्व शिर्षक | राजश्व विवरण | रकम रु. |
|---|---|---|---|
| १ | १४२२२ (हुलाक सेवा शुल्क) | हुलाक टिकट बिक्री | ७०,७४,८३०।- |
| | | काउन्टर अटोमेशन | १७,४३,४६५।- |
| | | पोष्टवक्स दर्ता तथा नविकरण | २२,३४२।५० |
| | | पार्शल हुलाक महशुल | १९,१६०।- |
| २ | ११५११ | भन्सार महशुल आयात | १९,९६,५४१।- |
| ३ | १४२५४ | रेडियो एफ.एम. संचालन दस्तुर | २,५००/- |
| ४ | १४२५५ | टेलिभिजन संचालन दस्तुर | २५,५००/- |
| ५ | १११५९ | अन्य श्रोतबाट प्राप्त बाँडफाड नहुने रोयल्टी | ११,५३,६७९।- |
| ६ | १४५२९ | अन्य | - |
| जम्मा | | | १,२०,३८,०१७।५० |

हुलाक अधिकृत

१४. वार्षिक बजेट तथा खर्चको विवरण :

| बजेट शिर्षक | वार्षिक बजेट रु. | बजेट खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ६,१८,८८,१०८/- | ५,३०,२०,३६०।६३ | ८५.६७ |
| पुँजीगत | ३४,२०,०००/- | ३०,९६,३५९।७८ | ९०.५३ |
| जम्मा | ६,५३,०८,१०८/- | ५,६१,१६,७२०।४१ | ८५.९२ |

१५. बेरुजुको अवस्था र विवरण :

| निकाय | २०८१/०८२ सम्मको जम्मा बेरुजु लगत | चालु आ.व.मा फर्छ्यौंट रकम | फर्छ्यौंटको लागि लेखी पठाइएको | फर्छ्यौंट (%) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | कुनै पनि बेरुजु नरहेको |

१६. गुनासो र फछ्र्यौटको अवस्थाः

| निकायको नाम | गुनासो संख्या | फछ्र्यौट संख्या | कैफियत |
|---|---|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | - | - | कुनै पनि प्रकारको उजुरी नरहेको |
| राष्ट्रिय सतर्कता केन्द्र | - | - | |
| मन्त्रालयहरु/विभाग | - | - | |
| हेलो सरकार | - | - | |
| जिल्ला प्रशासन कार्यालय | - | - | |
| अन्य निकायहरु | - | - | |

१७. हुलाक डाँक विनिमय सम्बन्धी विवरण :

| क्र.सं. | विवरण | डाँक थैला संख्या |
|---|---|---|
| १ | गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाडौं, हुलाक निर्देशनालय पोखरा र अन्तर्गत कार्यालय र जि.हु.का. धादिङ्गमा बाट जिल्ला हुलाक कार्यालय, चितवनमा प्राप्त हुन आएका डाँक थैला संख्या (जुन चितवन देखि पुर्व र पश्चिम तर्फको डाँक रेखामा चलान हुने डाँक थैला समेत) | ३३३६० |
| २ | पुर्व र पश्चिम तर्फका डाँकरेखाबाट जिल्ला हुलाक कार्यालय, चितवनमा संकलन भई गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाडौंमा चलान भएको डाँक थैला संख्या | २२९५५ |
| ३ | जिल्ला हुलाक कार्यालय, चितवनबाट हुलाक निर्देशनालय पोखरा र अन्तर्गत कार्यालयहरुमा चलान भएको डाँक थैला संख्या | २०६७ |
| ४ | जिल्ला हुलाक कार्यालय, भरतपुर चितवनबाट जिल्ला हुलाक कार्यालय, धादिङ्गमा चलान भएको डाँक थैला संख्या | १५८ |
| | जम्मा | ५८५४० |

हुलाक अधिकृत

## १८. हुलाक वस्तुको कारोबार सम्बन्धी विवरण:

अवधि : आ.व. मिति २०८१ श्रावण ०१ गते देखि मिति २०८२ साल असार मसान्तसम्म।

### क. हुलाक वस्तु दर्ता संख्या :

| क.स. | हुलाक वस्तुको प्रकार | जि.हु.का./पा.हु.का./अ.हु. मा भएको दर्ता (आन्तरीक) | विदेशको लागि दर्ता भएको (वैदेशिक) | कैफियत |
|---|---|---|---|---|
| क. | साधारण चिठी | ८७०५ | १४७५ | |
| | रजिष्ट्री चिठी | ४२१६५ | ३३१ | |
| | बीमा चिठी | - | - | |
| | साना पाकेट | - | - | |
| | हुलाक दर्ता | ३६ | - | |
| | समाचार पत्रपत्रिका | २८८० | - | |
| | अन्धा साहित्य | - | - | |
| | बुक पोष्ट, छापा कागज | १३० | - | |
| ख. | पुलिन्दा | ६२ | - | |
| ग. | EMS By Land | १ | - | |
| | EMS By Air | - | - | |
| | जम्मा | ५३९७९ | १८०६ | |

### ख. हुलाक वस्तु आयात संख्या:

| क.स. | हुलाक वस्तुको प्रकार | आफ्नो जिल्लाभित्र वितरणको लागि अन्य जिल्लाबाट प्राप्त भएको | आफ्नो जिल्लाभित्र वितरणको लागि विदेशबाट प्राप्त भएको (वैदेशिक) | कैफियत |
|---|---|---|---|---|
| क. | साधारण चिठी | १२५७७ | ३६३० | |
| | रजिष्ट्री चिठी | ४९३३७ | ५२५ | |
| | बीमा चिठी | - | - | |
| | साना पाकेट | - | ९७७ | |
| | हुलाक दर्ता | - | - | |
| | समाचार पत्रपत्रिका | ३२९२ | - | |
| | अन्धा साहित्य | - | - | |
| | बुक पोष्ट, छापा कागज | - | - | |
| ख. | पुलिन्दा | २७६ | ३७५ | |
| ग. | EMS By Land | ७०३ | - | |
| | EMS By Air | - | १०४६ | |
| | जम्मा | ६६१८५ | ६५५३ | |

हुलाक अधिकृत

ग. हुलाक वस्तु निर्यात संख्या :

| क्र.स. | हुलाक वस्तुको प्रकार | आफ्नो जिल्लामा दर्ता भई अन्य जिल्ला हुलाकको लागि चलान भएको (आन्तरिक) | आफ्नो जिल्लामा दर्ता भई विदेशको लागि निर्यात भएको (वैदेशिक) | कैफियत |
|---|---|---|---|---|
| क. | साधारण चिठी | ३६२२ | १४७५ | ३२७५ |
| | रजिष्ट्री चिठी | १९५१८ | ३३१ | १८०४६ |
| | बीमा चिठी | - | - | - |
| | साना पाकेट | - | - | - |
| | हुलाक दर्ता | ३६ | - | - |
| | समाचार पत्रपत्रिका | १३८७ | - | ८१ |
| | अन्धा साहित्य | - | - | - |
| | बुक पोष्ट, छापा कागज | ११० | - | - |
| ख. | पुलिन्दा | ७० | - | ३ |
| ग. | EMS By Land | १ | - | - |
| | EMS By Air | - | - | - |
| | जम्मा | २४७४४ | १८०६ | २१४०५ |

नोट : कैफियत महलमा उल्लेखित विवरण अन्य जिल्लाबाट यस कार्यालयमा प्राप्त भई पुनः अन्य जिल्ला मै गएको

घ. हुलाक वस्तु वितरण संख्या :

| क्र.स. | हुलाक वस्तुको प्रकार | आफ्नै जिल्लामा दर्ता भई आफ्नो जिल्लाभित्र नै वितरण भएको | अन्य जिल्लाबाट प्राप्त भई वितरण भएको | विदेशबाट प्राप्त भई वितरण भएको | कैफियत |
|---|---|---|---|---|---|
| क. | साधारण चिठी | ५०८३ | ९३०२ | ३६३० | |
| | रजिष्ट्री चिठी | २२६४७ | ३१२९१ | ५२५ | |
| | बीमा चिठी | - | - | - | |
| | साना पाकेट | - | - | ९७७ | |
| | हुलाक दर्ता | - | - | - | |
| | समाचार पत्रपत्रिका | १४९३ | ३२११ | - | |
| | अन्धा साहित्य | - | - | - | |
| | बुक पोष्ट, छापा कागज | १२ | - | - | |
| ख. | पुलिन्दा | १६ | २५७ | ३७५ | |
| ग. | EMS By Land | - | ७०३ | - | |
| | EMS By Air | - | - | १०४६ | |
| | जम्मा | २९२५१ | ४४७६४ | ६५५३ | |

हुलाक अधिकृत

१९. आ.व. २०८१/०८२ को असार मसान्तसम्म सम्पन्न भएका मुख्य मुख्य कार्यहरू:

क. फर्निचर तथा फिक्चर्स: हुलाक कार्यालय खैरहनीको कार्यालय कक्ष रङ्गरोगन, जगतपुर, नारायणगढ र चनौली हुलाक काउन्टर स्थापनाको लागि आवश्यक फर्निचर, कार्पेट तथा रङ्गरोगनको कार्य, कार्यालयको बैठककक्ष निर्माणको लागि राउण्डटेबल सहितको फर्निचर, कार्पेट र पर्दा राख्ने काम भएको ।

ख. मेशिनरी तथा औजार: कार्यालयलाई आवश्यकता अनुसार ल्यापटप, कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर, बारकोड स्क्यानर लगायत जिन्सी सामानको खरिद साथै जिल्ला हुलाक कार्यालय भवनको सुरक्षाको लागि ८ वटा क्यामेरा सहितको सि.सि. क्यामेरा जडान।

ग. सवारी साधन: २ थान स्कुटर खरिद ।

घ. निर्मित भवनको संरचनात्मक सुधार: जिल्ला हुलाक कार्यालय चितवन परिसरमा बगैचाको क्यारी, पि.पि.सि. ढलान, सीर्स ट्याङ्की निर्माण, मोजाइल टायल लगाउने र दुई कोठा मिलाइ बैठक कक्ष निर्माण । हुलाक कार्यालय, रत्ननगरमा कम्पाउण्डवाल निर्माण र शौचालय मर्मत र पार्किङ्ग स्थल निर्माण र रङ्गरोगनको कार्य । हुलाक काउन्टर नारायणगढको आफ्नै भवन परिसरमा फलामे भर्याङ्ग निर्माण कार्य गरिएको ।

ङ. ६ हल्कारा, हुलाकी, हुलाक प्रतिनिधी, पत्र वितरक र डाँक वाहकलाई झोला, रेनकोट र छाता खरिद गरी बितरण गरेको ।

२०. आफ्नै पहलमा गरिएका नविनतम तथा सृजनात्मक मुख्य मुख्य कार्यहरु:

क. एक पालिका एक हुलाक रहने गरी हुलाकको पुनर्संरचना भए सँगै पालिका तथा संघ संस्थाहरुसँग समन्वय गरी पालिका हुलाक कार्यालय तथा काउन्टरको कार्यालय भवन तथा कोठा उपलब्ध गराउन आवश्यक समन्वय गरी हुलाक कार्यालय तथा हुलाक काउन्टर स्थापना गरी सेवा सञ्चालन गरिएको।

ख. जिल्ला हुलाक कार्यालय र ६ वटा पालिका हुलाक कार्यालयहरुमा संचालन भइरहेको PITS सेवालाई हुलाक काउन्टर चनौलीबाट सेवा संचालन गरिएको साथै हुलाक वस्तु दर्ता, ढुवानी र डेलिभरी लगायत PITS मार्फत दिने र FINAL DELIVERY ENTRY गर्ने व्यवस्था मिलाइएको।

ग. यस कार्यालयको आयोजनामा PITS, PTMS र CDS लगायत हुलाक सेवा प्रवाहसँग सम्बन्धित सफ्टवेयर संचालन सम्बन्धि २ दिने अभिमुखीकरण कार्यक्रम गरिएको ।

घ. भरतपुर महानगरपालिका अन्तर्गत पर्ने साविकको बिटमा परिमार्जन गरी हुलाक वस्तु वितरण कार्यलाई थप व्यवस्थित गरिएको ।

ङ. कार्यालयको मासिक, त्रैमासिक वा स्वतः प्रकाशन नियमित रुपमा कार्यालयको वेवसाइट र आधिकारिक फेसबुक पेज मार्फत सार्वजनिक गरिएको ।

च. सूचनाको हकको कार्यान्वयनको प्रभावकारिता अभिवृद्धी गर्ने उदेश्यले जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्ला स्थित सरकारी कार्यालयका सूचना अधिकारीहरुको सहभागितामा यस कार्यालयको आयोजनामा अन्तर्क्रिया कार्यक्रम गरिएको ।

हुलाक अधिकृत

२१. कार्यालयलाई उपयुक्त लागेका मुख्य मुख्य उपलब्धीहरु :

क. कार्यालय/दरवन्दीको पुनर्संचना भए संगै साविकको दरवन्दी व्यापक कटौती भएकोले साविकमा हल्कारा/हुलाकी पदमा करारमा कार्यरत २८ जना मध्ये दरवन्दी भन्दा बढी १८ जनाको करार सेवा समाप्त गरी समुचित रुपमा जनशक्ति व्यवस्थापन गरिएको ।

ख. जिल्लाका स्थानीय तह/संघसंस्था सँग समन्वय गरी पालिका हुलाक कार्यालय र हुलाक काउन्टर संचालन गर्न भवन र कोठाहरु नि:शुल्क उपलब्ध भएकोले कार्यालयको आर्थिक दायित्वमा कमी आएको ।

ग. यस कार्यालयमा कार्यरत तत्कालिन हुलाक अधिकृत श्री रमेश ज्ञवालीलाई कार्यसम्पादनको कदर गर्दै हुलाक सेवा विभागबाट सम्मानित/पुरस्कृत गरिएको । त्यसैगरी राष्ट्रिय सूचना आयोगको १८औं स्थापना दिवसको अवसारमा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा गरेको योगदानको कदर गर्दै यस कार्यालयका सूचना अधिकारी श्री पदम कुमार श्रेष्ठ सम्माननीय राष्ट्रपतिज्यूबाट नगद पुरस्कार सहित उत्कृष्ट सूचना अधिकारी पुरस्कार-२०८२ बाट पुरस्कृत हुनु भएको ।

घ. अन्तर जिल्ला डाँक व्यवस्थापन गर्दा देखिएका समस्यालाई मध्यनजर गरी चितवन देखि झापाको बिर्तामोड र आसपासका जिल्ला हुलाक कार्यालयहरु तथा हुलाक निर्देशनालय बिराटनगर र धनुषासम्म पुगि आवश्यक विषयहरुमा समन्वय र सहजिकरण गरिएको ।

ङ. पालिका हुलाक कार्यालय र हुलाक काउन्टरका प्रमुखहरुको सहभागितामा प्रगति प्रतिवेदनमा आधारित भई त्रैमासिक समीक्षा गोष्ठि आयोजना गरी समस्या पहिचान र समाधानको उपायको खोजि गर्ने तथा असल अभ्यासका कार्यलाई प्रवर्द्धन गर्ने गरिएको ।

२२. कार्य सम्पादनमा देखिएका समस्या :

क. भौतिक समस्या :

- पालिका हुलाक कार्यालय/हुलाक काउन्टर संचालन गर्न भवन तथा आवश्यक कोठाहरु उपलब्ध हुन नसकेको ।
- विद्युत आपूर्ति नहुँदा कार्यालय र अन्तर्गतका कार्यालयको लागि आवश्यक पर्ने ब्याकअप खरिद गर्न बजेट अभाव भएको।
- कार्यालयमा आवश्यक पर्ने सवारी साधन (मोटरसाइकल/स्कुटर/ साइकल) र हुलाक वस्तु वितरण गर्ने कर्मचारीलाई आवश्यक इन्धन उपलब्ध गराउन नसकिएको ।
- बजेट अभावको कारण कार्यालय र अन्तर्गतका कार्यालयहरुको भवनको आवश्यकता अनुसार मर्मत सम्भार हुन नसकेको ।

२. स्पष्ट मापदण्ड नहुँदा करार जनशक्ति व्यवस्थापनमा समस्या आइरहेको ।

३. System/software संचालन सम्बन्धी पुनर्ताजगी तालिम नहुनु ।

४. सबै विवरणहरु समावेश सहितको System/software अद्यावधिक हुन नसकेको ।

५. डाँक व्यवस्थापन (पूर्व पश्चिम) को लागि प्रयोग हुने सवारी साधन पुरानो हुँदै गएको कारण बारम्बार मर्मत गर्नको लागि बजेटको कमी रहेको ।

६. कार्यालय संचालनको लागि आवश्यक पर्ने बजेटको कमी हुनु ।
७. सेवा करारमा कार्यरत सबै पदका कर्मचारीको लागि हालको तलब भत्ता सहितको सुविधा अत्यन्त न्यून रहेको हुँदा कर्मचारीमा उत्प्रेणाको कमी भएको ।

२३. समस्या समाधानका उपाय/सुझाव:

- एक पालिका एक हुलाक कार्यालयको अवधारणा अनुरुप स्थापना भएका हुलाक कार्यालय संचालनको लागि आवश्यक भवन तथा पर्याप्त कोठाहरु उपलब्ध गराउन सम्बन्धित स्थानीय तहसँग केन्द्रिय निकायबाटै आवश्यक पहल हुनु पर्ने ।
- दरवन्दी पुनर्संचना पश्चात कर्मचारीको संख्या कटौती हुँदा कामको चाप र कार्यक्षेत्र बढेको अवस्थामा हुलाक वस्तुको प्रभावकारी विवतरणको लागि आवश्यक पर्ने सवारी साधन (मोटरसाइकल/स्कुटर/साइकल आदी) र सोको लागि इन्धन खरिद गर्न आवश्यक पर्ने बजेट व्यवस्था हुनु पर्ने ।
- कार्यालय संचालनको लागि अत्यावश्यक सामाग्री खरिद गर्न आवश्यक पर्ने बजेट उपलब्ध हुनु पर्ने ।
- करार कर्मचारी व्यवस्थापनको लागि मापदण्ड सहितको आवश्यक र उपयुक्त कानुनी व्यवस्था हुनु पर्ने ।
- उत्प्रेरित कर्मचारीको अभावमा कार्यसम्पादनमा समस्या देखिएकोले करारको कर्मचारीलाई सिमित बिदाको सुविधा, सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने र महङ्गि भत्ताको व्यवस्था हुनु पर्ने । साथै अतिरिक्त हुलाक कर्मचारीलाई हाल उपलब्ध हुँदै आएको न्यून पारिश्रमिकमा यथोचित वृद्धि गरी आवश्यक पर्ने अन्य सुविधा समेत उपलब्ध गराउन आवश्यक व्यवस्था हुनु पर्ने ।
- कार्यालयमा हाल संचालनमा रहेका System/software लाई आवश्यकता अनुसार अद्यावधिक गरी सो कार्य गर्ने कर्मचारीलाई पुनर्ताजगी तालिमको व्यवस्था हुनु पर्ने।
- पूर्व-पश्चिम डाँक संचालनमा प्रयोगमा रहेका सवारी साधन (मिनिट्रक) पुरानो हुँदै गएको अवस्थामा पटक पटक मर्मत गर्दा वैकल्पिक साधनको व्यवस्था नहुँदा ढुवानीमा बारम्बार समस्या आइरहेकोले पुरानो सवारी साधनको विकल्पको व्यवस्था गर्नु पर्ने ।
- कार्यालयको अचल सम्पतिको रुपमा रहेका कार्यालय र अन्तर्गतका कार्यालय भवन/संरचनाको आवश्यकता अनुसार मर्मत सम्भार गर्न तथा कार्यालयको नाममा रहेका जग्गाको उचित संरक्षण गरी आवश्यकता अनुसार भवन/संरचना निर्माणको लागि आवश्यक पर्ने बजेटको क्रमश: व्यवस्था हुनु पर्ने ।

हुलाक अधिकृत

## २४. सान्दर्भिक तस्विरहरू




हुलाक काउन्टर जगतपुर स्थापना र सेवा सुभारम्भ




विश्व हुलाक दिवस २०२४

हुलाक अधिकृत

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
चितवन




विश्व हुलाक दिवसको अवसरमा प्रथम सेवाग्राहीलाई सम्मान गरिएको



पालिका/काउन्टर हुलाक प्रमुखको सहभागितामा आ.व. २०८१।०८२ को प्रथम त्रैमासिक समीक्षा गोष्ठिमा सहभागिता



हुलाक अधिकृत



पालिका/काउन्टर हुलाक प्रमुखको सहभागितामा आ.व. २०८१।०८२ को दोस्रो त्रैमासिक समीक्षा गोष्ठिमा सहभागिता



PITS, PTMS र CDS.POST सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको



हुलाक अधिकृत



गोश्वारा हुलाक कार्यालयका कार्यलय प्रमुख (प्रमुख हुलाक अधिकृत) श्री वासुदेव रेग्मीज्याबाट कार्यालयको अनुमगन




सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका योजना अनुगमन तथा मूल्याङ्कन शाखाका उपसचिव श्री रामकृष्ण अर्यालज्यूबाट कार्यालयको अनुगमन



हुलाक अधिकृत



हुलाक सेवा विभागका महानिर्देशक श्री मनमाया भट्टराई पंगेनीज्यूबाट कार्यालयको अनुगमन तथा निरीक्षण



सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता श्री गजेन्द्र कुमार ठाकुरज्यूबाट कार्यालयको अनगमन भएको

हुलाक अधिकृत

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
चितवन




अन्तर जिल्ला डाँक ढुवानी कार्यमा समन्वय र सहजिकरणको सिलसिलामा हुलाक निर्देशनालय विराटनगर




अन्तर जिल्ला डाँक ढुवानी कार्यमा समन्वय र सहजिकरणको सिलसिलामा हुलाक निर्देशनालय धनुषा

हुलाक अधिकृत




अन्तर जिल्ला डाँक ढुवानी कार्यमा समन्वय र सहजिकरणको सिलसिलामा जिल्ला हुलाक कार्यालय, झापा




अन्तर जिल्ला डाँक ढुवानी कार्यमा समन्वय र सहजिकरणको सिलसिलामा जिल्ला हुलाक कार्यालय, सप्तरी

हुलाक अधिकृत